## सरन्या रूः



मीन् :- बम कुमारी बुढा मगर
जरम :- २००७ साल फागुन १८ गते
ज्यै :- नन्दसरा घर्तीमगर (सीउ)
बौ :- हस्तवीर बुढामगर (सीउ)
पो :- कोर्चबाङ-४, घापा, रोल्पा
दोईसीन्या :- फोनः ४३१२३१० (भीम्)
९८४१०५०५९१ (कुईत)
पो.ब.नं.: ४९१४, इमेलः magarat_18@yahoo.com
पराई :- बी.ए., आई.एड., एम.ए. परीउयान्
दाज्यु याङ :- जेथा- कर्मराज बुढामगर (सीउ)
माईला- चन्द्रप्रसाद बुढामगर (सीउ)
कान्छा- नवलवीर बुढामगर
पोस्तअ् नाना :- नौरथी बुढा (पुन)मगर
पलीईन्या :- पलीईन्या पोस्तअ् ने जीत-हार कविता संग्रह, पो ओल्ज छेङा, भूम्या, मङ्ङर पाङलन् पो ल मीन, गे येन् गे सः, जोरा स्याई, माघे सङ्कराई, चाउ रो, ङमुउ छेन्, गुस्ती गेदो मगर पाङ ब्याकरन, सरङ्ङ्या स्याई, मैन्यारी

**गालाअ् पलीनाज्यान्या पोस्तअ्ः**
१) रोल्पा, २) अथार मगरात

भोग :- शिक्षक, रा.पं.स., सामाजिक कार्यः जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च, नेपाल राष्ट्रिय जातीय संग्रहालय, मगर संघ/संस्था र आदिवासी जनजातिका साझा मुद्दा, रेयुकाई, रेडक्रस सोसाइटी, नेपाल स्काउट, धर्मोदय सभा नेपाल, सहकारी संस्था, महिला अधिकार सवाल ।
विदेला यम् :- भारत, बंगलादेश, श्रीलंका, जापान, अमेरिका, दक्षिण कोरिया, फिलिपिन्स, थाइलैण्ड, इन्डोनेशिया, क्यानडा,दक्षिण अफ्रिका, ताइबान, हङकङ, सिङ्गापुर, फ्रान्स, म्यानमार) ।
मान :- उत्कृष्ट शिक्षक, राष्ट्रिय समाजसेवी, पारिजात नारी संघर्षशील पुरस्कार, मधुरीमा फूल कुमारी महतो सम्मान, **Celebreting womanhood 2008** सम्मान, कवि गोष्ठि तथा होजियरी उद्योगमा विभिन्न स्थान लिएका प्रमाणपत्रहरू प्राप्त । अरु संघ-संस्थाबाट प्राप्त दर्जनौं सम्मान तथा पुरस्कारहरू ।
पदक :- रत्न समाज सेवा पदक, राज्यभिषेक पदक ।
चाख :- उद्योग, लेख रचना र बहस ।


अथार मगरात मगर प्रतिष्ठान
कलंकी, काठमाडौं
फोनः ४३०११६८, पो.ब.नं.: ४९१४ सुनधारा
इमेलः magarat_18@yahoo.com


# सरङ्ङ्या स्याई



सरङ्ङ्या स्याईका विविध झलकहरू



-बम कुमारी बुढा मगर

**सरङ्ङ्या स्याई**

सरन्या:

**बम कुमारी बुढा मगर**


पलीःसीन्या

**२०६७ रीम् लः**

सोगल हग - **सरन्या सः**

**सीलो- ५०।-**

**५०० गोता**

छापीन्या

**भद्रकाली अफसेट प्रेस प्रा.लि.**

पुतलीसडक, काठमाडौं

फोन नं. ०१-४१६८०९१

## विषय सूची


| लम्बर रो | | पन्ना |
|---|---|---|
| १. | मगर जातिको उत्पत्ति र थरहरू | १ |
| २. | १८ र १२ मगर राज्यहरू | २ |
| ३. | ऐतिहासिक शासन पद्दति सैन्य कला | ४ |
| ४. | सरङ्ङ्या नाँच के हो ? | १२ |
| ५. | नाँचका चरणहरू | |
| ५.१ | मान चाला | १५ |
| ५.२ | समूहद्वारा युद्धको आव्हान | १५ |
| ५.३ | हाता हान्ने चरण | १५ |
| ५.४ | बजौऱ्या स्याँई | १६ |
| ५.५ | समापन चाला | १७ |
| ६. | सरङ्ङ्या स्याँईमा प्रयोग गरिने वाजाहरू | |
| ६.१ | मादल बाजा | १८ |
| ६.२ | दुन्दी बाजा | १९ |
| ७ | अनुसूची १ | २१ |
| ८. | अनुसूची २ | २२ |


### १. मगर जातिको उत्पत्ति र थरहरू:

मगर जातिकोबारेमा लेख्ने लेखकहरूले पूर्ण जानकारी दिएको पाइँदैन। हुन त प्राचीन इतिहासमा नै दुई समूह मोल (काला) र पाल (गोरा) मगरले एक आपसमा प्रतिस्पर्धा गरी राज्य निर्माण गरेकाले सोही मौलिक अवस्थामा पश्चिम नेपालबाट प्रवेश गरेका आर्य बाहुनहरूले संरचनागत रुपमा एउटै समुदायलाई भिन्न देखाउन र एकभन्दा अर्को विशिष्ट देखाउने मनोविज्ञान तयार गरिदिएकोले, सो असर हालसम्म विद्यमान पाइन्छ। रुकुम जिल्लामा पर्ने हुकाम-मैकोईको योमा खार (अरिङगाल बस्ने) र पेल्मा खार (जौं छर्ने) ओडारमा मानव चेनताको विकास भई मोल (काल) नामक व्यक्ति हाल सल्यानमा पर्ने कोई मोल पा (पछि कोटमौला) र पाल (गोरा/सेता) नामक व्यक्ति पाल्पामा प्रमुख केन्द्र बनाई स्वतन्त्र अस्तित्व कायम गर्दै मोल (काला) ले मोल पा (काला क्षेत्र) र पाल (गोरा) ले पाल पा (गोरा क्षेत्र) भूमि निर्धारण गरेका हुँदा रीडी गण्डकीदेखि पश्चिम मोल पा (काला क्षेत्र) र पूर्व पाल पा (गोरा क्षेत्र) नामले चिनिए। यो नै पौराणिक सांस्कृतिक इतिहास हो।

पश्चिमबाट आर्य बाहुनहरू नेपालमा प्रवेश भएपछि भाषा, धर्म, संस्कृति, शासन आफ्नो बर्चश्व जमाउने क्रममा सर्वप्रथम मगर जाति माथि नै प्रहार गरे। जातपात वर्णाश्रम व्यवस्था बनाई जात तल र माथि, जात निकाला तथा जनै दिएर क्षेत्री बनाउने चलन चलाइयो। बाहुनसँग विवाह गर्ने खस र वैश्य भनिएका महिलाबाट जन्मिएका बच्चाहरू खत्री



Page Missing ..............